# सहभागिताको पुनर्व्याख्या किन ?



भोला भट्टराई

'विकास' शब्द अब कसैका लागि पनि नौलो रहेन । यद्यपि, विकासका बारेमा प्रत्येक व्यक्ति र समुदायपिच्छे फरक-फरक बुझाइ भने पक्कै छ । विकासले मानिसको आवश्यकता र चाहनाअनुसार गरिने सकारात्मक परिवर्तनलाई बुझाउने भएपनि आमसमुदायमा 'विकास' शब्दले अझै पनि भौतिक निर्माण (जस्तै : बाटो, पुल, नहर, ठूला भवन) जस्ता पक्षलाई मात्र बुझ्ने र बुझाउने गरेको पाइन्छ । मानिसको सामाजिक र सांस्कृतिक पक्ष अर्थात् मानवीय पक्षबारे भने कमै चर्चा हुने गर्दछ । यो लेखमा भने विकासका बारेमा नभई, सबै किसिमका विकाससँग दह्रो साइनो गाँसिएको 'विकासमा सहभागिता' (Participation in development action) का बारेमा मात्र चर्चा गरिनेछ ।

> 'करिब ३२ वर्षसम्म हामीले रटान गरेको "सहभागितामूलक विकास"ले कसलाई फाइदा पुऱ्यायो ? कसको सहभागिता भयो विकास कार्यमा ?'

यसो त, समुदायको आर्थिक, सामाजिक-सांस्कृतिक र वातावरणीय विकासमा 'सहभागिता' को आवश्यकता र यसको अभ्यास कुनै नौलो विषय होइन् । सन् १९९० पछि सरकारी तथा गैरसरकारी संघ-संस्थाहरूबाट विकास कार्यमा सहभागिताका बारेमा थुप्रै किताबहरू लेखिए । सहभागिताबारे थुप्रै बहस र छलफलहरू भए । विकास प्रकृयामा सहभागितामूलक ग्रामीण लेखाजोखा (Participatory Rural Appraisal – PRA) जस्ता साधनहरू प्रयोगमा ल्याइयो । हजारौँको संख्यामा उपभोक्ता समूहहरू, नागरिक सङ्गठनहरू निर्माण भए । सहभागिता विकास प्रकृयाको एक अनिवार्य साधन बन्यो ।

सन् १९९० देखि आजसम्म आइपुग्दाको करिब ३२ वर्षसम्म हामीले रटान गरेको 'सहभागितामूलक विकास'ले कसलाई फाइदा पुऱ्यायो ? कसको सहभागिता भयो विकास कार्यमा ? के हामीले खोजेको रूपान्तरणमा हाल अभ्यास गरिएको सहभागिताले अर्थ राख्दछ ? अर्थात्, कसको र कस्तो विकासमा सहभागिता उपयोगी भयो ? यस्ता कुराहरूका बारेमा यथेष्ट छलफल र बहस नभइरहेको सन्दर्भमा *नेपाल सहभागितामूलक कार्य समूह (नेपान)* को वर्तमान कार्यकारी समितिले यस बहसको थालनी गरेको छ । सहभागिताको पुनर्व्याख्याबारे थालनी भएको यसै बहसको निरन्तरतास्वरूप यो सङ्क्षिप्त लेख तयार गरेको छु ।

## सहभागिताको खेती

तीन दशकसम्म सहभागिताको नाममा गरिएको खेतीले केही मानिसलाई राष्ट्रिय-अन्तर्राष्ट्रिय संस्थाको विज्ञ बनायो । सहभागितामूलक नीति-निर्माण बापत सरकारी पुरस्कार पाउने बनायो । सहभागिताबारे बोल्न र लेख्नसक्ने बनायो । तर सहभागी हुन नसक्ने सिमान्तकृत वर्ग र समुदायको हैसियतमा भने अपेक्षित परिवर्तन ल्याउन सकेन । सहभागिताको नाममा संरचनागत अन्याय र असमावेशीकरणलाई प्रोत्साहित गरियो । टाउको गनेर सहभागिताको व्यवस्था गर्ने प्रणालीको विकास भयो । यो प्रकृतिलाई मलजल गर्ने अन्यायको खाडल बढाइयो । सहभागिताको नाममा सुकिला-मुकिलाका क्लबहरू निर्माण गरियो। शक्ति र सम्पत्तिको भरमा सहभागितालाई व्याख्या गरियो । अझैपनि सहभागिताका कैयौं वकालतकर्ताहरूबाट त्यही यथास्थितिवादी सहभागिताको पक्षपोषण गर्दिै आएको छ । नेपालको सन्दर्भमा हामीले उदाहरण दिने समुदायमा आधारित वन व्यवस्थापन, सहकारी अभियान तथा 'सामुदायिक' शब्द जोडेर स्थापना गरिएका विद्यालय व्यवस्थापन, कृषि समूह, खानेपानी लगायतका प्रकृयाले के हामीले परिकल्पना गरेको सहभागितालाई आत्मसात गरेको छ त ? के त्यस्ता सामुदायिक संस्थाहरू, त्यसमा आबद्ध व्यक्ति वा सहभागिता प्रवर्द्धनमा संलग्न राज्य र गैरराज्य पक्ष सहभागिताको वास्तविक अपेक्षित परिणाम हासिल गर्न सफल भएका छन् ? हामीले यसको सूक्ष्म अध्ययन गर्नु आवश्यक छ ।

> 'समय-सान्दर्भिक बनाउन र सहभागिताको महत्वलाई थप बलियो बनाउन "सहभागिताको पुनर्व्याख्या" आवश्यक भएको हो ।'

धेरैका बोली-वचनमा 'सहभागितामूलक-विकास'लाई स्वीकार गर्ने गरिएको त छ तर सहभागिता देखावटी, औपचारिक र निर्देशित मात्र देखिएको छ । सहभागिता सङ्ख्या पुऱ्याउने वा सहभागीहरूको अनुहार देखाउने स्तरमा मात्र सिमित भएको छ । सहभागिता थप जटिल बन्दै गएको छ । खासगरी नागरिक अधिकार खुम्चिने गरी निर्माण भएका नीति तथा कार्यक्रम यसका लागि प्रमुख चुनौती हुन् । अर्कोतर्फ, विस्तार हुँदै गएको प्रविधिले पनि सहभागितालाई अवसर र चुनौती थपिदिएको छ । युवा जमात प्रविधिकेन्द्रित सहभागिताको खोजीमा छ । अघिल्लो पुस्ता भौतिक उपस्थितिको वकालत गर्दछ । यस परिवेशमा अघिल्लो पुस्ता र नयाँ पुस्ताबीच सहभागिताको नयाँ आयामबारे साझा बुझाइ तयार गर्नुपर्ने अवस्था छ ।

## सहभागिताको बदलिँदो स्वरूप

सन् १९९० ताका विकासका बारेमा छलफल गरिने माध्यम मानिसको भौतिक उपस्थिति हुने गर्दथ्यो । मानिसको सूचनामा पहुँच कमजोर थियो । निर्णय गर्ने ठाउँमा एकदमै कम पहुँच थियो । आज प्रविधिका कारण सूचनामा पहुँच वृद्धि भएको छ । मानिसको आवश्यकता र चाहना बदलिएको छ । सहभागी हुने तरिका र माध्यम फेरिएको छ । मानिससँगको समय र सोचाइमा परिवर्तन आएको छ । प्राथमिकताहरू बदलिएका छन् । यस परिवेशमा सहभागिताको परम्परागत सोच र तरिकाले विकासमा प्रभावकारिता ल्याउन सक्दैन । त्यसैले, समय-सान्दर्भिक बनाउन र सहभागिताको महत्वलाई थप बलियो बनाउन 'सहभागिताको पुनर्व्याख्या' आवश्यक भएको हो ।

## सहभागिताको बहस कहाँ ?

सामाजिक, सांस्कृतिक र राजनैतिक संरचनाहरूको निर्माण 'आवाजविहीन'हरूका लागि गरिन्छ । यद्यपि, यस्ता संरचनाहरू बिस्तारै मुट्ठीभर व्यक्तिको कब्जामा पुग्दछन् । विगत केही दशकयता नेपालका सामाजिक संघ-संस्था राजनैतिक पार्टीका गुलाम बनेका छन् । सामाजिक क्षेत्रमा गरेको कामलाई स्वार्थपूर्ण ढङ्गबाट राजनैतिक पार्टीको पोल्टामा पुऱ्याउने क्रम बढेको छ । अर्कोतर्फ, राजनैतिक पार्टीहरूले प्रायः सबै सामाजिक-सांस्कृतिक समूहलाई खरिद गरिसकेका छन् । विभिन्न भ्रातृ-सङ्गठनको नाममा यी स्वायत्त, समावेशी र पारदर्शी सामुदायिक सङ्गठनलाई पार्टीको कब्जामा पुऱ्याइएको छ । हाम्रा परम्परागत सहभागितामूलक संघ-संस्था र विचार उनीहरूको नियन्त्रणमा पुगेका छन् ।

यस परिवेशमा सहभागिताको सवाल व्यक्तिको निजी आचरणदेखि घर-परिवारसम्म; समुदायदेखि सामुदायिक संघ-संस्थासम्म र तीनै तहका सरकारका नीति, कार्यक्रम र अभ्यासदेखि अन्तर्राष्ट्रिय मञ्चहरूसम्म नै प्राथमिकताको विषय बन्नु पर्दछ । सहभागिताको बहसलाई विशिष्टीकरण गर्नु आवश्यक छ ।

१. **व्यक्तिको सोचाइ र गराइमा सहभागिता :** कतिपय सन्दर्भमा 'सहभागिता' पढ्ने, पढाउने विषयको रूपमा सीमित देखिन्छ । 'सहभागिता'को व्याख्या गर्ने सिपालु मानिसको काम र अभ्यास भने निरंकुश र तानाशाही हुन्छ । यस्तो अवस्थामा 'सहभागिता' व्यक्तिको आचरण, सोचाइ र

अभ्यासमा रूपान्तरित भएको देखिनु पर्दछ । यसलाई व्यवहार परिवर्तन गर्ने साधनको रूपमा बुझ्न र प्रयोग गर्न सक्नु पर्दछ ।

२. **सामुदायिक सङ्गठनमा :** औपचारिक र अनौपचारिक रूपमा स्थापित सामुदायिक सङ्गठनहरूभित्र मौलाउँदै गएको व्यक्तिवादी सोचाइको अन्त्य एवम् सहभागितामूलक धारणा र अभ्यासको विकासका लागि अबको पहल आवश्यक छ । त्यस्ता समूह र संस्थालाई समावेशी र सहभागितामूलक बनाउन अहिले नेतृत्वमा बसेकाहरूले आफ्नो व्यवहार परिवर्तन गर्न र सहभागिताका लागि उदार बन्न सक्नु पर्दछ ।

३. **राज्य व्यवस्था र प्रणालीस्तरमा :** नेपालका सन्दर्भमा हाम्रा वडा, पालिका, प्रदेश र सङ्घीय राज्य व्यवस्था एवम् यससँग सम्बन्धित प्रणालीहरूमा व्यापक सुधार आवश्यक छ । यो सुधार नीतिगत, संस्थागत र अभ्यास एवम् व्यवहारसँग सम्बन्धित छ ।

४. **अन्तर्राष्ट्रिय वातावरण :** सहभागिताको सवालमा अन्तर्राष्ट्रिय कानुन र अभ्यासले धेरै कुराहरू निर्धारण गर्ने भएकाले अन्तर्राष्ट्रिय मञ्चहरू एवम् त्यहाँ हुने सहभागिता र छलफलको तरिकाले पनि सहभागिताको स्वरूप निर्धारण गर्दछ । त्यसैले, त्यस स्तरमा पनि बहस आवश्यक छ ।

> 'विगत ३० वर्ष यता "नेपान"ले उत्पादन गरेको ज्ञान, सीप र धारणा सङ्घीय शासन प्रणालीको कार्यान्वयनमा सहयोगी बन्नसक्ने देखिन्छ ।'

## सहभागिताको पुनर्व्याख्या कसरी ?

सर्वप्रथम, 'विकास कसका लागि (Development for whom) ?' भन्ने सवालबारे चर्चा गरौं । धेरै मानिसहरू विकासमा सबैको हिस्सा खोज्ने गर्दछन् । 'विकास' शब्द 'अविकास' को उल्टो शब्द हो । त्यसैले, जसको अविकास भएको छ, विकासले त्यस वर्ग र समुदायलाई पहिलो प्राथमिकता दिनु पर्दछ । यदि विकास अविकास भएकाको हो भने अब सहभागिता कसको हुनु पर्ला त ? पक्कै पनि त्यही वर्ग र समुदायको हुनुपर्ने होला नि ! तर, हामीले अभ्यास गरेको सहभागितामूलक विकासले त्यस्ता छोडिएका 'भुईंमान्छेहरू'को सहभागिताको ग्यारेन्टी गरेको छ त ? हामीले गर्ने सहभागितामूलक बैठक कसले तय गर्छ ?, हाम्रा बैठकहरूको प्रस्ताव कसले तय गर्छ ?, छलफल र निर्णय कसले गर्छ ?, निर्णयको फाइदा कसले पाउँछ ?, सहभागिताको उदाहरण कसले दिन्छ ?, सहभागितामूलक विकासका लागि बन्ने उपभोक्ता समिति, समूह र सङ्घ-सङ्गठनहरूमा कसको सहभागिता छ ?, कसले निर्णय गर्छ ? - यसबारे पक्कै पनि हामी सबै जानकार नै छौं होला ।

यदि हामीलाई जानकारी छ भने छातीमा हात राखेर भनौं - के हामीले यस्तै सहभागिता खोजेको हो ?, के हामीले खोजेको सहभागिता कुनै गैरसरकारी संस्थाले दिने तालिममा सीमित गर्न चाहेको हो ?, अर्थात् 'कन्सल्टेन्सी फर्म'को व्यापार बढाउन मात्र खोजिएको हो ? - यदि होइन भने विगत ३० वर्षको समीक्षा गरौं । हाम्रा असल अभ्यासको खोजी गरौं । र, सहभागिताको महत्वलाई पुनर्परिभाषित गरौं ।

## सहभागिताको पुनर्व्याख्या सहित 'नेपान'ले लिनुपर्ने दृष्टिकोण/मार्गचित्र

'नेपान' सहभागितामूलक विकासका लागि अग्रणी संस्था एवम् स्रोत केन्द्रको रूपमा कार्यरत छ । विगत ३० वर्ष यता 'नेपान'ले उत्पादन गरेको ज्ञान, सीप र धारणा सङ्घीय शासन प्रणालीको कार्यान्वयनमा सहयोगी बन्नसक्ने देखिन्छ । यस परिप्रेक्ष्यमा 'नेपान'ले आगामी दिनमा लिनुपर्ने बाटोलाई बुँदागत रूपमा तल प्रस्तुत गरेको छु ।

१. सर्वप्रथम, 'नेपान'ले विगत ३० वर्षमा भएको सहभागितामूलक विकास प्रकृयाको सूक्ष्मअध्ययन गरी त्यसको सबल पक्ष र समस्या पहिचान गर्नु आवश्यक छ ।

२. 'नेपान'सँग आबद्ध 'नेटवर्क' सदस्य, विज्ञ एवम् भूतपूर्व पदाधिकारीहरूबीच सहभागिताको 'पुनर्व्याख्या'बारे थुप्रै अन्तर-संवादहरू गरी साझा धारणा बनाउनु आवश्यक छ ।

३. बदलिंदो सामाजिक, सांस्कृतिक, आर्थिक र राजनैतिक वातावरणमा 'सहभागितामूलक विकास प्रकृया'लाई मार्गनिर्देश गर्ने पुनर्व्याख्या सहितको साझा दस्तावेज सार्वजनिक गर्नु आवश्यक छ ।

४. 'नेपान'का विज्ञ सदस्य एवम् अनुभवप्राप्त व्यक्तिहरूको समूहले तयार गरेको सहभागिताको नयाँ अवधारणा, त्यसको अपेक्षित परिणाम र आशातीत क्षेत्र/उपलब्धिको दस्तावेजलाई सरकारी, गैरसरकारी निकायहरूले स्रोत-सामग्रीको रूपमा प्रयोग गर्ने वातावरण बनाइनु पर्दछ ।

५. 'नेपान'ले सरकारी तथा गैरसरकारी निकायका कर्मचारी, प्रतिनिधि एवम् सञ्चार क्षेत्रसँगको सहकार्यमा सहभागिताको पुनर्व्याख्या र आगामी 'रोडम्याप'बारे

विभिन्न तहमा प्रशिक्षण, बहस लगायत सन्देश प्रवाहको कार्य गर्नु पर्दछ ।

६. 'सहभागिता' परिवेशअनुसार हुने भएकाले स्थानीय, प्रदेश र सङ्घीय नीति-नियम तथा कार्यक्रम तर्जुमा प्रकृयामा यस सवालबारे जानकार व्यक्तिहरू तयार गरी जिम्मेवार बनाउनु पर्दछ ।

७. यस कार्यका निमित्त नयाँ परिवेशमा सहभागिताको अध्ययन-अनुसन्धानका लागि नेपानले विश्वविद्यालयहरूसँग समन्वय र सहकार्य गर्नु पर्दछ ।

८. सहभागिताका लागि आवश्यक प्रणालीगत सोचाइ र राजनैतिक स्वरूपबाट कार्यान्वयन गर्नुपर्ने भएकाले राजनैतिक पार्टीहरूसँग पनि 'नेपान'ले सहकार्य गर्नु पर्दछ ।




## सङ्क्षेपमा

सारमा भन्ने हो भने, बदलिँदो समय र परिवेशमा हामीले अभ्यास गरेको सहभागिताको तौरतरिकामा रूपान्तरण आवश्यक छ । व्यक्तिगत आचरणदेखि सार्वजनिक जीवन, नागरिक समाज एवम् सरकारी नीति-नियम र अभ्याससम्मको सहभागिताको बदलिँदो स्वरूपको प्रयोग आवश्यक छ । अन्तर्राष्ट्रिय विकास साझेदारदेखि राजनैतिक प्रणालीसम्म यस सवालमा थप चर्चा आवश्यक छ । खासगरी, सहभागितालाई समावेशी-पद्धतिको रूपमा अभ्यास नगर्दासम्म यो औपचारिक र सीमित क्षेत्रमा मात्र सीमित रहन्छ । यसका लागि वैकल्पिक पद्धति र सोचाइका साथ काम गर्न 'नेपान' जस्तो संस्थाले पहलकदमी लिनैपर्दछ ।

***(लेखक भोला भट्टराई नेपाल सहभागितामूलक कार्य समूह- 'नेपान'का कार्यकारी सदस्य हुनुहुन्छ ।)***